नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) को

# आठौं राष्ट्रिय महाधिवेशन

ृफागुन ५-१०, २०६५ (February 16-21, 2009)

बुटबलमा प्रस्तुत गरिने

# विधान संशोधन प्रस्ताव

केन्द्रीय कमिटी

नेकपा (एमाले)

प्रकाशक :

के नेकपा (एमाले)को आठौ`` राष्ट्रिय महाधिवेशनमा प्रस्तुत

## विधान संशोधन प्रस्तावको औचित्य र आवश्यकता

पार्टीको संगठनात्मक प्रणालीलाई संस्थागत रुपमा संचालन गर्न पाँचौ राष्ट्रिय महाधिवेशन पश्चात् बदलिदो राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशलाई समेत ध्यानमा राखी तदअनुरुप पार्टी विधान पारित गरिएको थियो । त्यस विधानमा छैटौं र सातौं राष्ट्रिय महाधिवेशनले समयानुकूल संशोधन र परिमार्जन गरेको थियो । सातौं राष्ट्रिय महाधिवेशनपछि देशमा ठूला-ठूला ऐतिहासिक परिवर्तन भएका छन् । राज्यको पुनःसंरचना र लोकतान्त्रिकरणको प्रक्रिया लगायतका महत्वपूर्ण काम सम्पन्न गर्नको लागि सोही अनुरुपको पार्टी संगठनात्मक प्रणाली आवश्यक भएको छ । विद्यमान सम्भावनाहरुको पूर्णरुपमा उपयोग र चुनौतीहरुको सामना गर्न पार्टी संगठन तथा यस अन्तर्गतका जनवर्गीय संगठनहरुलाई अनुशासित र कुशलतापूर्वक योग्यता र क्षमताका साथ संचालन गर्नु आवश्यक छ । यही



तथ्यलाई ध्यानमा राख्दै हामीले पार्टी सदस्यता प्रणाली, बहुपदीय प्रणाली, केन्द्रीय निकायहरु, विशेषतः अनुशासन र लेखासम्बन्धी निकायलाई तिनको नामसमेत परिवर्तन गरी अधिकार सम्पन्न बनाउने, सबै तहका नेताहरुले पार्टी सदस्यहरुप्रति उत्तरदायी हुनको लागि आ-आफ्नो स्तरका महाधिवेशन वा अधिवेशनमा प्रतिनिधि बन्न निर्वाचति हुनु पर्ने, निर्वाचन क्षेत्रस्तरको कमिटीलाई प्रभावकारी बनाउने, केन्द्रीय कमिटीका कामहरुलाई आवधिक रुपमा समीक्षा र मूल्याङ्कन गर्नको लागि राष्ट्रिय प्रतिनिधि परिषद्को व्यवस्था गर्ने आदि लगायतका विभिन्न विषयमा विधानमा व्यवस्था गर्दै त्यसको लागि आवश्यक संशोधन र परिमार्जन गरिएको छ ।

पार्टी संगठन संचालनका सम्बन्धमा पार्टी विधानमा संशोधन र परिमार्जन गर्न राष्ट्रिय महाधिवेशनमा पर्याप्त समय नहुने र प्रतिनिधिहरुको ध्यान संगठनात्मक प्रणाली तर्फ यथोचित रुपमा नजाने भएकोले राष्ट्रिय प्रतिनिधि परिषद्को वर्षमा एकपटक हुने बैठकमा आवश्यकता अनुसार पार्टी विधान संशोधनको प्रक्रिया अगाडि बढाउने व्यवस्था प्रस्तावित गरिएको छ । यसबाट पार्टी संगठनका सबै पक्षहरुमा पर्याप्त छलफल भई पार्टी संगठनलाई अझ प्रभावकारी तुल्याउन योगदान पुग्न सक्नेछ ।

पार्टी संगठनको प्रभावकारी संचालनको लागि जति राजनीतिक-सैद्धान्तिक स्पष्टता, कार्यक्रमको मार्ग निर्देशन र परिस्थितिको वस्तुगत विश्लेषण आवश्यक हुन्छ त्यति नै सुस्पष्ट संगठनात्मक प्रणाली, अनुशासन र नियमसंगत संचालन विधि आवश्यक हुन्छ । मार्क्सवाद-लेनिनवाद र जनताको बहुदलीय जनबादको मार्ग निर्देशमा संचालित नेकपा (एमाले) जस्तो पार्टीले झनै वैज्ञानिक तथा जिम्मेवारपूर्ण संगठनात्मक पद्धति अनुरुप आफूलाई संचालन गर्दै देश र जनताप्रतिको दायित्व पूरा गर्नु पर्दछ । यसरी मात्रै पार्टीले सबल, पूर्णरुपमा सार्वभौम, स्वाधीन, सबल र समृद्ध नेपालको निर्माण गर्नसक्छ । वर्तमान संक्रमणकालमा राष्ट्रिय राजनीतिमा निर्णायक भूमिका खेल्दै जनताका इच्छा र आकांक्षा अनुरुप आन्दोलनका प्रत्येक मोर्चामा जनताको नेतृत्व गर्न तथा जनसमुदायसंग एकाकार हुँदै समयका चुनौतीहरुको सफलताका साथ सामना गर्न सकिन्छ । यही उद्देश्यका साथ सातौं राष्ट्रिय महाधिवेशनबाट पारित पार्टी विधानमा संशोधन र परिमार्जनका लागि यो संशोधन प्रस्ताव प्रस्तुत गरिएको छ । संशोधन

प्रस्तावमा पार्टीको झण्डा, नाम लगायत कतिपय कुराहरु यथावत् राखिएका छन् । साथै समयाभावका कारण विधानमा भएको साबिकको व्यवस्था र संशोधन-परिमार्जन गरिएको व्यवस्थाको तुलनात्मक प्रस्तुति गरिएको छैन तथा विधानका धाराहरुमा प्रयोग हुने भाषा छलफल पश्चात् समृद्ध गर्ने गरी नीतिगत कुराहरु मात्र उल्लेख गरिएका छन्। महाधिवेशनमा उपस्थित प्रतिनिधिहरुबाट यसमा गहन छलफल हुने र आवश्यक सुझावका साथ यो प्रस्ताव पारित हुने अपेक्षा हामीले गरेका छौं ।

हार्दिक अभिवादन सहित !

१४ माघ, २०६५

अमृतकुमार बोहरा
प्रमुख
संगठन विभाग



नेकपा (एमाले)को आठौं राष्ट्रिय महाधिवेशन
(फागुन ५ - १०, २०६५ बुटवल) मा प्रस्तुत

# विधान संशोधन प्रस्ताव

१. प्रस्तावना

नेपाल कम्युनिस्ट पार्टी नेपाली सर्वहारा श्रमजीवी वर्गको प्रतिनिधित्व गर्दै २००६ वैशाख ८ गते (२२ अप्रिल १९४९) मा स्थापना भएको हो । यो पार्टीले नेपालको सर्वहारा श्रमजीवी वर्ग, किसान जनसमुदायहरु, निम्न पूँजीपति वर्गका जनसमुदायहरु, राष्ट्रिय पूँजीपति वर्ग र सम्पूर्ण लोकतान्त्रिक तथा देशभक्त शक्तिहरुको हितलाई समेत प्रतिनिधित्व गर्दछ । नेपाली जनताको सार्वभौमसत्ता, नेपालको स्वतन्त्रता, स्वाधीनता एवम् क्षेत्रीय अखण्डताको रक्षाका लागि सामन्तवाद-साम्राज्यवादविरोधी सङ्घर्षका क्रममा विकसित हुँदै अहिले यो पार्टी नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) का रूपमा छ। मार्क्सवाद-लेनिनवाद र जनताको बहुदलीय जनवादको मार्गनिर्देशनमा नेपाली समाजको आमूल परिवर्तन गर्दै जनताको लोकतान्त्रिक गणतन्त्र नेपालको निर्माण र सुदृढीकरणमा यो पार्टी कटिबद्ध छ ।

पार्टीले जनताको बहुदलीय जनवादलाई न्यूनतम लक्ष्य र समाजवाद तथा साम्यवादलाई अधिकतम लक्ष्यका रूपमा आत्मसात गरेको छ। नेपाली समाजको अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक स्थितिलाई समाप्त गर्न प्रत्येक ऐतिहासिक चरणमा जनआन्दोलनको नेतृत्व गर्दै आएको छ। पूर्ण रूपले स्वतन्त्र, स्वाधीन र सार्वभौम जनवादी गणतन्त्र नेपालको निर्माणमा बाधकका रूपमा रहेका सामन्तवाद, दलाल नोकरशाही पुँजीवाद र साम्राज्यवादका शोषण उत्पीडन तथा दवावबाट नेपाललाई मुक्त गर्न, सर्वहारा श्रमजीवी वर्गको नेतृत्वमा सर्वहारा श्रमजीवि जनता र किसान जनताबीचको एकताको आधारमा निम्न पुँजीपति र राष्ट्रिय पुँजीपति वर्ग तथा सम्पूर्ण लोकतान्त्रिक र देशभक्त शक्तिहरु समेतको सहयोग परिचालन गरी पार्टीले जनताको नेतृत्व गर्दै आएको छ। स्वभाविक रुपले हाम्रो पार्टीको नेतृत्वमा संचालित जनताको संघर्ष विश्व समाजवादी आन्दोलनको

अभिन्न अङ्गका रूपमा अगाडि बढेको छ ।

आफ्नो स्थापनाकालदेखि २०४६ साल हुँदै २०६२-६३ सालसम्मका ऐतिहासिक जनआन्दोलन र जनक्रान्तिहरूमा यस पार्टीले अग्रणी भूमिका खेल्दै नेपाललाई लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरित गर्न महत्वपूर्ण र निर्णायक योगदान गरेको छ। २०६२-६३ को शान्तिपूर्ण जनक्रान्ति र संविधानसभाको निर्वाचन सम्पन्न गर्दै जनताका प्रतिनिधिहरूले संविधान निर्माण गरी जनताको पूर्ण सार्वभौमसत्तालाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रका रूपमा संस्थागत गर्ने काममा यो पार्टी दृढ प्रतिज्ञ छ । यसै आधारमा देशको शासन व्यवस्था जनताद्वारा सञ्चालन गर्ने मान्यता तथा अन्तर्राष्ट्रिय रूपमा स्थापित मानव अधिकार र लोकतन्त्रका आधारभूत सिद्धान्तलाई पार्टीले दृढतापूर्वक आत्मसात गरेको छ। दिगो शान्ति र आमूल परिवर्तनको मार्गमा दृढताका साथ अघि बढ्दै नेपाली जनताका आकाङ्क्षा र भावनाहरूलाई मूर्त रूप दिन सङ्घर्षका सबै मोर्चामा निरन्तर लागिरहन यो पार्टी प्रतिबद्ध छ ।

नेपालको कम्युनिस्ट आन्दोलनमा उत्पन्न दक्षिणपन्थी र उग्रवामपन्थी भड्काउ, विशेषतः उग्रवामपन्थी भड्काउ र अराजकताका विरुद्ध सैद्धान्तिक-वैचारिक सङ्घर्ष गर्दै पलायनवाद, जडसूत्रवाद एवं विसर्जनवादलाई पराजित गर्न र समाजवाद तथा साम्यवादका ध्येयहरूका लागि पार्टी निरन्तर क्रियाशील रहँदै आएको छ र रहनेछ । जनवादी केन्द्रीयताका संगठनात्मक सिद्धान्तको आधारमा पार्टीलाई सञ्चालन गरी बहुकेन्द्रवादी गुटगत प्रवृत्ति, सङ्कीर्ण जातीय, क्षेत्रीय र साम्प्रदायिक चिन्तनलाई पराजित गर्न राजनीतिक र वर्गीय सोचलाई दृढतापूर्वक अघि बढाउनु पर्ने आवश्यकता छ। यो पार्टी सादा र नैतिक जीवन एवम् कठोर सङ्घर्षको आदर्शलाई दह्रो गरी पक्रँदै सामूहिक भावनाका साथ अग्रसर हुँदै आएको छ। यही मान्यता अनुरूप जनसमुदायसँग घनिष्ट सम्बन्ध कायम राख्दै सबै प्रकारका अन्याय, असमानता र विभेदको समाप्तिका लागि सङ्घर्ष गर्नु र निस्वार्थ रुपमा देश, जनता र क्रान्तिको सेवामा सधैं समर्पित हुनु यो पार्टीका सबै सदस्यहरूको कर्तव्य हुनेछ ।

पार्टी जीवनलाई समग्र रूपमा गतिशील र उत्पादनशील तुल्याउँदै



देश र जनताका लागि बलिदान दिने भावनाले ओतप्रोत सदस्यहरूले पार्टीको एकता र क्रियाशीलताको सधैं रक्षा गरिरहनु पर्दछ। पार्टी विधानको निःशर्त पालना गर्दै त्यसको रक्षा गर्नु सबै पार्टी सदस्यहरूको कर्तव्य हो । सुनिश्चित प्रणाली र नियमसङ्गत परिपाटीलाई पूर्ण रूपमा स्थापित गर्दै लोकतान्त्रिक पद्धतिमा पार्टी सङ्गठनलाई निरन्तर विकसित गरिरहने प्रक्रियामा हाम्रो पार्टी अग्रपङ्क्तिमा छ। पार्टीका निर्दिष्ट उद्देश्य र लक्ष्य हासिल गर्न जनआधारित, सुसङ्गठित, एकताबद्ध, अनुशासित, गतिशील, जुझारु र अग्रगामी राजनीतिक शक्तिका रूपमा नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) लाई सञ्चालन गर्न पाँचौं राष्ट्रिय महाधिवेशनद्वारा पारित भई छैटौं र सातौं महाधिवेशनबाट संशोधित विधानलाई परिवर्तित परिस्थिति अनुरूप आठौं राष्ट्रिय महाधिवेशनले संशोधन र परिमार्जनसहित पारित गरेको छ। नेकपा (एमाले) र यसका सम्पूर्ण सङ्गठनात्मक क्रियाकलाप अबदेखि यही विधानद्वारा निर्देशित र सञ्चालित हुनेछन् ।

२. विधानको धारा ४ को सट्टा देहायको धारा ४ राखिएको छ :

धारा ४ : पार्टी सदस्यता

हालको दुई प्रकारको सदस्यतासम्बन्धी व्यवस्था वर्तमान परिवर्तित स्थितिमा व्यावहारिक नदेखिएकोले सो व्यवस्था हटाई विधानको धारा-४ मा यस्तो व्यवस्था गरिएको छ -

विधानको व्यवस्थाको अधीनमा रही पार्टी सदस्यता दिन सकिनेछ ।

३. विधानको धारा ५, ६, ७ र ८ मा निम्न बमोजिम थपघट गरिएको छ :

(क) सदस्यताका लागि योग्यता

(१) १६ वर्ष उमेर पूरा भएको नेपाली नागरिक,

(२) मानसिक असन्तुलन नभएको, नैतिक पतन देखिने कुनै पनि अभियोगमा सजाय भोगिनरहेको वा सजाय भुक्तान गरेको मितिले ६ महिना अवधि नाघेको,

(३) नैतिकवान र स्वच्छ चरित्र भएको,

(४) पार्टीको सिद्धान्त, नीति र कार्यक्रमप्रति प्रतिबद्ध, विधानलाई

निशर्त स्वीकार गरी त्यसको कार्यान्वयन, सम्बर्द्धन र विकासका लागि क्रियाशील रहेको र नियमित रूपमा पार्टी सदस्यता शुल्क बुझाउन तत्पर,

(५) मार्क्सवाद-लेनिनवादलाई आत्मसात गर्दै जनताको सेवामा आफ्नो योग्यता र क्षमताका साथ समर्पित तथा उत्पादन, अध्ययन र सामाजिक गतिविधिमा सक्रिय एवम् राष्ट्रिय स्वतन्त्रता, सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको रक्षाप्रति प्रतिबद्ध,

(६) कुनै न कुनै पार्टी कमिटीमा सङ्गठित भई काम गर्न तत्पर,

(७) पार्टीको घोषित जनवर्गीय सङ्गठनको सदस्यता प्राप्त गरी त्यसको कुनै तहको कमिटीमा रही कम्तिमा तीन वर्षसम्म सक्रियतापूर्वक काम गरेको र

(८) पार्टीको घोषित जनवर्गीय सङ्गठनको सदस्य नरहेको व्यक्तिका हकमा कुनै पनि तहको पार्टी सक्रिय दल वा सिफारिसकर्ता पार्टी कमिटीले खटाएको कुनै विशेष जिम्मेवारीमा रही कम्तिमा ३ वर्षसम्म काम गरेको र पार्टीको विकासका लागि कुनै उल्लेख्य योगदान गरेको,

तर सामाजिक, बौद्धिक र व्यावसायिक रूपमा राष्ट्रिय स्तरमा विशेष योगदान पुऱ्याएको पार्टी सदस्यता लिन चाहने व्यक्तिको हकमा माथि (क) को १ देखि ६ नम्बरसम्मका मापदण्ड पूरा गरेको अवस्थामा निजको लिखित आग्रहमा सम्बन्धित स्थानीय पार्टी कमिटीको परामर्शमा वा केन्द्रीय कमिटीले निश्चित प्रक्रिया अनुरूप पार्टी सदस्यता प्रदान गर्न सक्नेछ ।

(ख) सदस्यता प्राप्त गर्ने प्रक्रिया :

(१) सदस्यता प्राप्त गर्न चाहने उपधारा (क) बमोजिम योग्यता पुगेको व्यक्तिले तोकिएको पार्टी कमिटी समक्ष लिखित आवेदनमार्फत सदस्यताको निम्ति इच्छा प्रकट गर्नु पर्नेछ । आवेदनमा दुई जना सदस्यहरूको लिखित सिफारिशसहित आफूसँग सम्बन्धित पार्टी कमिटीमार्फत निर्वाचन क्षेत्रीय



कमिटीमा पेस गर्नुपर्नेछ । त्यस कमिटीले आवश्यक छानबिन गरी योग्यता पुगेका व्यक्तिलाई सदस्यता प्रदान गर्ने निर्णय गरी अनुमोदनका लागि जिल्ला कमिटीमा पेस गर्नेछ ।

(२) निर्णय गर्ने र अनुमोदन गर्ने निर्वाचन क्षेत्र तथा जिल्ला कमिटीले सदस्यता प्रदान गर्दा सम्बन्धित व्यक्तिको योग्यता, क्षमता, इतिहास, पार्टी कामप्रतिको निष्ठा, जनतासँगको सम्बन्ध, काममा सक्रियता तथा इमानदारी, विगतमा खेलेको भूमिका र वर्ग चरित्र जस्ता विषयलाई आधार बनाउनेछ ।

(३) सदस्यता दिने निर्णय अनुमोदन भएपछि तोकेको शुल्क लिई जिल्ला कमिटीले आवेदकलाई सदस्यता पत्र प्रदान गर्नेछ । तोकिएको ढाँचामा शपथ ग्रहण गरेपछि निजलाई उम्मेदवार सदस्यता दिइनेछ । उम्मेदवार सदस्यको वर्गस्रोत, कार्य तत्परता र भूमिकाका आधारमा परीक्षणकाल ६ महिनादेखि एक वर्षसम्मको हुनेछ ।

(४) पार्टी सदस्यताको अभिलेख राख्ने र नवीकरण गर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

(५) पार्टी सदस्यताको आवेदन लिने र प्रस्ताव अघि बढाउने दायित्व मूलतः पार्टी शाखा कमिटीको हुनेछ । सदस्यतासम्बन्धी बैठकमा गहन छलफलपछि सदस्यताको अन्तिम निर्णय गर्नुपूर्व माथिल्लो कमिटीले सम्बन्धित व्यक्तिको क्षमता र पार्टीसम्बन्धी सोच र ज्ञानबारे राम्रो जानकारी लिनेछ ।

(६) पार्टी सदस्यताको सिफारिस गर्दा कम्तीमा आवेदकको राजनीतिक पृष्ठभूमि, पार्टी भावना, वर्ग आधार, पार्टी नीति र निर्णय कार्यान्वयनमा तत्परता, जनतासँगको सम्बन्ध र आन्दोलनमा संलग्नता आदिलाई हेरिनेछ ।

(७) सदस्यतासम्बन्धी विवाद वा समस्या उत्पन्न भएमा जुन कमिटीमा विवाद वा समस्या उत्पन्न भएको हो त्यसभन्दा माथिल्लो कमिटी वा विशेष अवस्थामा केन्द्रीय कमिटीले निर्णय

गर्नेछ ।

(ग) सदस्यको अधिकार र कर्तव्य :

(१) पार्टी कमिटी वा पार्टीले तोकेको निकायमा सङ्गठित भई काम गर्ने,

(२) पार्टी सदस्यका निम्ति जारी गरिएका निर्देशन, निर्णय र दस्तावेजहरू प्राप्त गर्ने, अध्ययन गर्ने र तिनको पालना गर्ने तथा सम्बन्धित कमिटीमा आफ्नो मत जाहेर गर्ने,

(३) तोकिएको प्रक्रिया बमोजिम बैठक, अधिवेशन र महाधिवेशनमा भाग लिई नीति तथा नेतृत्व निर्माण प्रक्रियामा सहभागी हुने,

(४) पार्टीको सिद्धान्त, नीति र कार्यक्रमको दृढतापूर्वक अनुशरण गर्दै जिम्मेवारी पूरा गर्ने,

(५) पार्टी अनुशासन पालना गर्दै पार्टीको एकता र ऐक्यबद्धतालाई माथि उठाउने तथा पार्टीको गोपनीयता र प्रतिष्ठालाई जोगाउने, पारदर्शिता र स्पष्टताको पक्षपोषण गर्दै गुटबन्दीको विरोध गर्ने,

(६) माथिल्लो कमिटीमा सुझाव, टिप्पणी र आलोचना पठाउने,

(७) तोकिए बमोजिम सदस्यता शुल्क नियमित रूपमा बुझाई तोकिएको समयमा सदस्यता नवीकरण गर्ने,

(८) आफ्नो कार्यको प्रतिवेदन आफू सङ्गठित रहेको कमिटीमा बुझाउने,

(९) पार्टी सदस्यले अनिवार्य रूपमा कुनै न कुनै पार्टी सङ्गठन वा माथिल्लो कमिटीले तोकेको ठाउँमा सङ्गठित भई काम गर्ने ।

तर अशक्तता, उमेर र स्वाथ्यका कारण कमिटीमा रही काम गर्न असमर्थ पार्टी सदस्यका हकमा यो व्यवस्था लागू हुने छैन ।

(१०) पार्टीको हित र गरिमालाई उच्च राख्ने र पार्टीप्रति सदैव



इमानदार रहने । पार्टीका नीति, सिद्धान्त र कार्यक्रमलाई व्यवहारमा रूपान्तरण गर्न कटिबद्ध रहँदै सामूहिक हितको पक्षमा उभिने ।

(घ) पार्टी सदस्यताको समाप्ति :

(१) स्वेच्छाले पार्टी सदस्यता परित्याग गरेमा,

(२) अनुशासनको कारवाहीमा परी निष्काशित भएमा,

(३) पार्टीको जानकारी वा अनुमतिबिना निरन्तर ६ महिनासम्म पार्टी कामबाट अलग भएमा,

(४) कुनै पनि जनप्रतिनिधिमूलक संस्थाको निर्वाचनमा पार्टीको निर्णयविपरीत विद्रोही उम्मेदवार बनेमा, पार्टीको उम्मेदवार-विरुद्ध प्रचार गरेमा वा पार्टीको उम्मेदवारका विरुद्धमा उठ्ने अन्य कुनै उम्मेदवारको प्रस्तावक वा समर्थक बनेमा वा त्यस्तो उम्मेदवारका पक्षमा लागी कुनै कार्य गरेमा,

(५) सरकार, केन्द्रीय र स्थानीय जनप्रतिनिधि संस्थालगायत पार्टीले पठाएको जिम्मेवारीमा रहँदा त्यसको प्रतिकूल काम गरेमा पार्टी निर्णयविपरीत हुने गरी कुनै कार्य गरेमा,

(६) भ्रष्ट तथा अनैतिक आचरण गरेमा र भ्रष्ट वा अवाञ्छित तत्वसँग साँठगाँठ गरेको तथा राष्ट्रको हित विपरीत काम गरेको प्रमाणित भएमा,

(७) पार्टीले माग गरेको अवस्थामा सम्पत्तिको यथार्थ विवरण नदिई लुकाएर राखेको, झुट्ठा विवरण पेस गरेको वा स्रोत खुलाउन नसकेको प्रमाणित भएमा,

(८) तोकिएको समयमा पार्टी सदस्यता नवीकरण नगराएमा र

(९) गम्भीर प्रकृतिको पार्टी गोपनीयता भङ्ग गर्दै पार्टी सदस्यले पालन गर्नुपर्ने भनी विधान वा नियमावलीमा गरिएको व्यवस्था बमोजिमको कर्तब्य जानी-जानी पूरा नगरेको प्रमाणित भई कार्वाहीमा परेमा ।

(ङ) पार्टी सदस्यताको पुनःप्राप्ति

(१) राजनीतिक कारणले पार्टीबाट अलग्गिएका वा कारवाहीमा परेका सदस्यले लिखित रूपमा आत्मालोचना गरी पार्टीमा पुनः फर्किन चाहेमा निजको सदस्यताबारे सम्बन्धित जिल्ला कमिटी र अञ्चल समन्वय कमिटीको सिफारिसका आधारमा केन्द्रीय कमिटीले निर्णय गरेमा,

(२) राजीनामा गरेर वा जिम्मेवारी पूरा गर्न नसकेर पार्टी सदस्यता गुमाएका तर पार्टीप्रति निष्ठावान नै रहेका व्यक्तिहरूले पुनः पार्टीको जिम्मेवारी लिई ६ महिनासम्म काम गरेको आधारमा सम्बन्धित कमिटीमा निजको लिखित आवेदन परी सदस्यता प्रदान गरेमा ।

(३) पार्टीविरोधी पङ्क्तिमा सामेल भएको कारण पार्टी सदस्यता गुमाई पछि सुधिएका व्यक्तिले पुनः पार्टी सम्पर्कमा रही निरन्तर २ बर्ष काम गरी लिखित आत्मालोचनासहित सदस्यताका लागि गरेको आवेदनको आधारमा सम्बन्धित कमिटीले सदस्यता प्रदान गरेमा ।

४. धारा ९ को उपधारा (ख) को दोस्रो हरफमा रहेको ‘सङ्गठित’ भन्ने शब्द झिकिएको छ ।

५. धारा १० को दोस्रो हरफमा रहेको ‘साधारण वा सङ्गठित’ भन्ने शब्दहरू झिकिएको छ ।

६. धारा ११ को देहाय (१) मा रहेका ‘साधारण वा सङ्गठित’ भन्ने शब्दहरू झिकिएको छ ।

७. विधानको धारा १२ को देहाय (३) मा रहेको निरीक्षण कमिटी हटाई सोको सट्टामा ‘आयोग’ भन्ने शब्द राखिएको छ । ऐ. को देहाय (४) मा रहेको ‘कमिटी’ भन्ने शब्द हटाई सो को सट्टामा ‘आयोग’ भन्ने शब्द राखिएको छ ।

८. विधानको धारा १३ उपधारा (क) मा पूर्व व्यवस्थाको सट्टामा यस्तो प्रावधान राखिएको छ-



राष्ट्रिय महाधिवेशन पार्टीको सर्वोच्च संस्था हुनेछ र यसको आयोजना केन्द्रीय कमिटीद्वारा सामान्यतः पा"च वर्षमा गरिनेछ । तर, राष्ट्रिय सङ्कट वा काबु बाहिरको परिस्थिति सिर्जना भएमा केन्द्रीय कमिटीले सो महाधिवेशनको मिति विधानको मर्म र भावनाको प्रतिकूल नहुने गरी अघि वा पछि सार्न सक्नेछ ।

९. विधानको धारा १३ को उपधारा (ख) को देहाय (३) मा रहेको ‘अनुशासन निरिक्षण कमिटी र लेखा परीक्षण कमिटीहरू’ का भन्ने शब्दहरूको सट्टा ‘अनुशासन आयोग र लेखा परीक्षण आयोगको’ भन्ने शब्दहरू राखिएको छ । ऐ. को देहाय (४) मा रहेको ‘अनुशासन निरीक्षण कमिटी र लेखा परीक्षण कमिटीहरूको’ भन्ने शब्दहरूको सट्टा ‘अनुशासन आयोग र लेखा परीक्षण आयोगको" भन्ने शब्दहरू राखिएको छ ।

१०. विधानको धारा १४ मा रहेको केन्द्रीय कमिटीको व्यवस्थामा निम्न बमोजिम संशोधन र परिमार्जन गरिएको छ-

(क) केन्द्रीय कमिटी दुई महाधिवेशनबीचको अवधिमा पार्टीको सर्वोच्च संस्था हुनेछ । यो राष्ट्रिय महाधिवेशनप्रति उत्तरदायी हुनेछ ।

(ख) केन्द्रीय कमिटीको अधिकार

(१) आफूमध्येबाट स्थायी कमिटी, अध्यक्ष, उपाध्यक्ष, महासचिव र सचिव लगायत आवश्यक पदाधिकारीहरु तथा सचिवालय र विभागीय प्रमुखहरूको निर्वाचन गर्ने ।

(२) अन्य उपधाराहरूमा तोकिएका अधिकारहरू परिवर्तित प्रावधान अनुसार मिलाएर राख्ने ।

(घ) धारा १४ (ख) को व्यवस्था परिवर्तित प्रावधान अनुरूप शब्दहरू मिलाएर यथावत् राख्ने ।

(ङ) अध्यक्षका अधिकार र कर्तव्यहरू

(१) राष्ट्रिय महाधिवेशन, केन्द्रीय कमिटी र स्थायी कमिटीका नीति-निर्णयहरूको कार्यान्वयनमा पार्टीलाई नेतृत्व प्रदान

गर्ने, पार्टीको विधानको कार्यान्वयन गर्ने/गराउने,

(२) स्थायी कमिटी, केन्द्रीय कमिटी र राष्ट्रिय प्रतिनिधि परिषद्का बैठकको अध्यक्षता गर्ने,

(३) पार्टीको प्रमुख नेताका रूपमा काम गर्ने र

(४) विधानको अधीनमा रही केन्द्रीय कमिटीले तोकेका अन्य कार्यहरू गर्ने ।

(च) उपाध्यक्षका अधिकार र कर्तव्य :

(१) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरू गर्ने,

(२) केन्द्रीय कमिटीले तोकेका अन्य कार्यहरू गर्ने ।

(छ) महासचिवका अधिकार र कर्तव्य :

(१) राष्ट्रिय महाधिवेशनबाट पारित नीति-निर्णयहरूको कार्यान्वयनका लागि कार्ययोजना तयार गरी स्थायी कमिटी र केन्द्रीय कमिटीमा प्रस्तुत गर्ने,

(२) केन्द्रीय सचिवालय सञ्चालन गर्ने,

(३) अध्यक्षको परामर्शमा स्थायी कमिटी, केन्द्रीय कमिटी र राष्ट्रिय प्रतिनिधि परिषद्को बैठक बोलाउने र बैठकको कार्यसूची तयार गर्ने र

(४) केन्द्रीय कमिटीले तोकेका अन्य कामहरू गर्ने ।

(ज) सचिवका अधिकार र कर्तव्य

(१) महासचिवले प्रत्यायोजित गरेबमोजिम महासचिवको अधिकार र कर्तव्य अन्तर्गतका कामहरूमा सहयोग गर्ने,

(२) केन्द्रीय कार्यालय सञ्चालन गर्ने र

(३) केन्द्रीय कमिटीले तोकेका अन्य कार्यहरू गर्ने ।



(झ) विधानको धारा १८ मा रहेको पूर्वव्यवस्थाको सट्टा राष्ट्रिय प्रतिनिधि परिषद्को व्यवस्था गरिएको छ ।

(क) राष्ट्रिय प्रतिनिधि परिषद्मा निम्न बमोजिमका सदस्यहरू रहनेछन् -

(१) केन्द्रीय कमिटीका सदस्य र वैकल्पिक सदस्यहरू,

(२) केन्द्रीय अनुशासन आयोग र लेखापरीक्षण आयोगका सदस्यहरू,

(३) केन्द्रीय सल्लाहकार परिषद्का सदस्यहरू,

(४) अञ्चल, जिल्लालगायतका स्थानबाट तोकिए बमोजिम निर्वाचित प्रतिनिधिहरू,

(५) तोकिए बमोजिम मनोनीत सदस्यहरू ।

(ख) राष्ट्रिय प्रतिनिधि परिषद्को बैठक वर्षमा कम्तिमा एकपटक बस्नेछ र यसको अध्यक्षता पार्टी अध्यक्षले गर्नेछन् ।

(ग) राष्ट्रिय प्रतिनिधि परिषद्का अधिकार यसप्रकार छन्:

(१) केन्द्रीय कमिटीका तर्फबाट महासचिवले पेस गरेको प्रतिवेदनमाथि छलफल गरी राय दिने,

(२) केन्द्रीय कमिटीका समग्र कामको समीक्षा र मूल्याङ्कन गर्ने तथा आवश्यक सुझाव र निर्देशन दिने,

(३) वार्षिक कार्ययोजना बनाउने र आर्थिक कार्यक्रम पारित गर्ने,

(४) केन्द्रीय अनुशासन आयोग, लेखापरीक्षण आयोग र सल्लाहकार परिषद्को प्रतिवेदनमाथि छलफल गरी राय-सुझाव दिने,

(५) नेपालको नयाँ संविधान जारी भएपछि राज्यको स्वरूपमा हुने परिवर्तनसँग पार्टीको सङ्गठनात्मक ढाँचालाई समायोजन गरी विधान संशोधन गर्न आवश्यक भएमा विधान संशोधन कार्यसूची तय गर्ने,

(६) राष्ट्रिय राजनीतिमा आएका महत्वपूर्ण परिवर्तनका सन्दर्भमा वा पार्टी जीवनमा गहिरो प्रभाव पार्ने महत्वपूर्ण घटनाका विषयमा छलफल गर्न आवश्यक देखिएमा कार्यसूचीसहित राष्ट्रिय प्रतिनिधि परिषद्का २५ प्रतिशत सदस्यले बैठकको माग गरेमा केन्द्रीय कमिटीले तीन महिनाभित्र राष्ट्रिय प्रतिनिधि परिषद्को बैठक बोलाउनेछ ।

११. धारा १४ को उपधारा १८ मा पार्टी कार्यको आवश्यकता, एकता र एकीकरण पक्रियालाई अघि बढाउन आवश्यक निर्णय गर्ने । पार्टीको आवश्यकता अनुरूप कूल निर्वाचित केन्द्रीय सदस्य र वैकल्पिक सदस्य संख्याको २० प्रतिशतमा नबढाई सदस्यहरू मनोनीत गर्ने ।

१२. विधानको धारा १४ मा भएको केन्द्रीय सचिवालयसम्बन्धी व्यवस्था यथावत् राखिएको छ ।

१३. धारा १५ को केन्द्रीय अनुशासन निरीक्षण कमिटीको सट्टा केन्द्रीय अनुशासन आयोगको व्यवस्था गरी त्यसका सम्बन्धमा देहाय वमोजिमको व्यवस्था गरिएको छ :

(क) केन्द्रीय अनुशासन आयोग महाधिवेशनप्रति उत्तरदायी हुनेछ । यस आयोगका सदस्यहरूको मर्यादा केन्द्रीय कमिटीका सदस्य सरह हुनेछ । आयोगको काम र कर्तब्य यस प्रकार हुनेछ :

(१) आफूमध्येबाट अध्यक्ष र सचिवको चयन गर्ने,

(२) पार्टीका तोकिए बमोजिमका कमिटीका सदस्यहरूको र



जनप्रतिनिधिमूलक संस्था एवम् लाभको पदमा काम गर्ने पार्टी सदस्यहरूको नियुक्ति हुँदा, बहाल रहँदा र अवकाश पाउँदाको अवस्थामा सम्पत्ति विवरण लिने र आवश्यकता अनुसार जाँच गर्ने,

(३) कुनै पनि तहका सदस्यको पार्टी निर्णयविपरीतका क्रियाकलाप, आर्थिक अनियमितता र नैतिक चरित्रसँग सम्बन्धित विषयमा उजुरी परेमा वा शङ्का लागेमा छानबिन गरी कारबाही गर्ने,

(४) पार्टीको केन्द्रीय निकायका पदाधिकारी र सदस्यहरूलगायत विभिन्न पार्टी कमिटी र कार्यकर्ता र सदस्यहरूले पार्टी अनुशासन, निर्णय र निर्देशनको पालना गरे/नगरेको निरीक्षण-अनुगमन गर्ने र गल्ती गर्नेहरूमाथि अनुशासनको कारबाही गर्न सम्बन्धित कमिटीलाई निर्देशन दिने,

(५) पार्टीको अनुशासन उल्लङ्घन गर्ने, पार्टीले तोकेको परिधि र पद्धति नाँघी अभिव्यक्ति दिने, पार्टीको हितविपरीत क्रियकलाप गर्ने कुनै पनि तहको सदस्यलाई सचेत पार्ने तथा त्यस्ता गतिविधि दोहोऱ्याइरहने सदस्यका सम्बन्धमा सम्बन्धित कमिटीलाई कारबाहीका लागि सिफारिस गर्नुका साथै केन्द्रीय कमिटी र राष्ट्रिय प्रतिनिधि परिषद्को बैठक र राष्ट्रिय महाधिवेशनमा प्रतिवेदन प्रस्तुत गर्ने,

(७) आवश्यकता अनुसार विभिन्न कमिटीका बैठकमा उपस्थित हुने,

(८) आयोगका अध्यक्ष सचिव वा सदस्यहरूमाथि अनुशासनको कारबाही गरी पदमुक्त गर्ने, अध्यक्ष, सचिव वा सदस्यहरूको राजीनामा स्वीकृत गर्ने र रिक्त पद पूर्ति गर्ने,

(९) आफ्नो कामको प्रतिवेदन केन्द्रीय कमिटी, राष्ट्रिय प्रतिनिधि परिषद् र महाधिवेशन समक्ष प्रस्तुत गर्ने,

(१०) पार्टी केन्द्रीय कमिटीलगायत कुनै पनि कमिटीबाट अनुशासनको कारबाहीमा परी चित्त नबुझी लिखित उजुरी

वा पुनरावेदन दिने सदस्य वा कमिटीको उजुरी वा प्रतिवेदन ग्रहण गरी त्यसमा आवश्यक छानबिन गरी निर्णय गर्ने र

(११) आयोगका अध्यक्षले स्थायी र केन्द्रीय कमिटीको बैठकमा पदेन सदस्यका रूपमा भाग लिने ।

१४. धारा १६ मा रहेको 'केन्द्रीय लेखापरीक्षण कमिटी' को सट्टा 'लेखापरीक्षण आयोग' बनाई अन्य व्यवस्था यथावत् राखिएको छ ।

१५. विधानको धारा १७ मा भएको केन्द्रीय सल्लाहकार कमिटीको नाम केन्द्रीय सल्लाहकार परिषद् राखिएको छ। त्यससम्बन्धी अन्य व्यवस्थामा निम्न थपघट गरिएको छ -

(१) सभापतिको सट्टा अध्यक्ष शब्द राखिएको छ ।

(२) सल्लाहकार परिषद्को महत्व र गरिमालाई उँचो राख्ने गरी केन्द्रीय कमिटीका कूल सदस्य सङ्ख्याको एक तिहाईभन्दा नबढ्ने गरी सङ्ख्या कायम गरिनेछ ।

१५. धारा १८ को विभिन्न ठाउँमा रहेका 'केन्द्रीय अनुशासन निरीक्षण कमिटी' को सट्टा 'अनुशासन आयोग' र 'लेखापरीक्षण कमिटी' को सट्टा 'लेखापरीक्षण आयोग' बनाइएको छ ।

१६. धारा १९ को उपधारा (ख) को दफा ८ मा भएको पार्टी सेल र ९ मा भएको साधारणसभाको व्यवस्था हटाउने ।

१७. अध्याय चार अन्तर्गत गरिएको पार्टीका स्थानीय निकायको व्यवस्थामा निम्नलिखित प्रावधानहरू उपयुक्त ठाउँमा मिलाएर राखिनेछ :

(१) स्थानीय कमिटीमा अध्यक्ष, उपाध्यक्ष, सचिव र उपसचिवको व्यवस्था रहनेछ ।

(२) आफ्नो तहका पार्टी सदस्यहरूको परिषद् आयोजना गर्ने ।

(३) आफ्नो कमिटीले गरेको वार्षिक कामको प्रतिवेदन प्रस्तुत गर्ने ।



(४) पार्टीलाई सुझाव दिने, निर्देशनहरू प्राप्त गर्ने ।

(५) निर्वाचन क्षेत्रीय कमिटीको गठन अधिवेशनबाट हुनेछ र त्यसको हैसियत कार्यकारी हुनेछ । त्यसको अधिकार-कर्तव्य सोही अनुसार मिलाइनेछ ।

(६) काठमाडौं उपत्यकामा भौगोलिक जिल्लाहरूबाहेक विभिन्न पेसा-व्यवसायमा संलग्न पार्टी सदस्यहरूबीच काम गर्न एक विशेष जिल्ला कमिटी बनाउने सकिनेछ ।

(७) केन्द्रीय विभाग, स्थानीय पार्टीका कमिटी र विभिन्न क्षेत्रमा निर्माण गरिने फ्र्याक्सनलगायतका सङ्गठनहरूलाई गुणस्तरयुक्त र प्रभावकारी बनाउन त्यसको सङ्ख्या र मापदण्ड निर्धारण गरिनेछ ।

१८. धारा - ३७ मा भएको राष्ट्रिय महाधिवेशनको प्रतिनिधि निर्वाचन व्यवस्था यस प्रकार हुनेछ :

(१) केन्द्रीय कमिटी राष्ट्रिय महाधिवेशनको आयोजक हुनेछ र अन्य सबै कमिटीहरू सम्बन्धित तहको अधिवेशनका आयोजक हुनेछन् । तर, ती सबै कमिटीका पदाधिकारी र सदस्यहरू महाधिवेशन वा अधिवेशनको प्रतिनिधि हुन र कमिटीको सदस्यमा उम्मेदवार हुनका निम्ति तोकिएको प्रक्रिया अनुरूप प्रतिनिधि हुनुपर्नेछ ।

१९. धारा ३७ को उपधारा (क) मा रहेको 'सङ्गठित' भन्ने शब्द झिकिएको छ ।

२०. धारा ३७ को उपधारा (ख) ५ को प्रतिबन्धात्मक वाक्यांशको 'तर महिला' भन्ने शब्दभन्दा पछि 'समावेशी मान्यता अनुरूपका' भन्ने शब्दावली थप गरिएको छ ।

२१. धारा ३७ को उपधारा (ग)को विभिन्न स्थानमा रहेको 'निरीक्षण कमिटी' भन्ने शब्दहरूको सट्टा आयोग बनाइएको छ ।

२२. धारा ३७ को (घ) र (ङ)मा रहेका सबै कमिटीहरूको सट्टा आयोग

हुनुका साथै अनुशासन निरीक्षण आयोगका अध्यक्ष स्थायी कमिटी र अन्य आयोग र सल्लाहकार परिषद्का अध्यक्षहरू केन्द्रीय कमिटीका पदेन सदस्य रहनेछन् तथा ती निकायका सदस्यहरूको मर्यादा केन्द्रीय कमिटीका सदस्य सरह हुने व्यवस्था गरिएको छ ।

२३. धारा ३७ को उपधारा (ङ)को विभिन्न स्थानमा रहेका 'कमिटी' भन्ने शब्दको सट्टा 'परिषद' भन्ने शब्द राखिएको छ ।

२४. धारा ३३ मा भएको पार्टी सम्पर्क मंच तथा घोषित जनवर्गीय सङ्गठन, विभिन्न सरोकारवाला सङ्घ-संस्थालगायतको परिचालन, संयोजन र प्रभावकारिताका लागि केन्द्रीय कमिटीले आवश्यक सङ्गठनात्मक व्यवस्था गर्नसक्ने प्रावधान राखिनेछ ।

२५. अध्याय पाँचको उपयुक्त ठाउँमा निम्न बमोजिमको व्यवस्था गर्ने :

२६. अध्याय पाँचको धारा ४९ पछि नयाँ धारा थपि निम्न व्यवस्था गर्ने -

(क) पार्टीका कुनै पनि तहको प्रमुख कार्यकारी पदको जिम्मेवारीमा रहेका व्यक्ति लगातार दुई पटकभन्दा बढी सो पदमा निर्वाचित नहुने व्यवस्था लागू गर्ने ।

(ख) पार्टीमा लामो समय योगदान गरेका तर उमेर र शारीरिक अशक्तताको कारण आफ्नो जिम्मेवारी निर्वाह गर्न नसक्ने सदस्यहरूले कार्यकारी जिम्मेवारीबाट सम्मानपूर्वक विदा हुन सक्ने र यस्ता सदस्यहरूले पार्टी र क्रान्तिको पक्षमा खेलेको भूमिकाको मूल्याङ्कन गर्ने, अनुभवबाट पार्टीले प्रेरणा लिने, उनीहरूलाई सम्मान गर्ने र जिम्मेवारीबाट स्वेच्छिक रूपले अवकास लिने परिपाटीलाई संस्थागत गर्न व्यवस्था गर्ने ।

२७. अध्याय ४ अन्तर्गत उपयुक्त ठाउँमा पूर्णकालीन सदस्यको निम्न बमोजिम व्यवस्था गर्ने :



(क) पार्टीको अग्रगति र प्रगतिका लागि निश्चित मापदण्ड र योग्यतासहितको पूर्णकालीन सदस्यको व्यवस्था गरिनेछ । उनीहरूको राजनीतिक विकास, जीवनयापन र व्यवस्थापनका लागि केन्द्रीय कमिटीले नीति तय गरी यथोचित प्रबन्ध गर्नेछ ।

(ख) पार्टीले पूर्णकालीन कार्यकर्ता निर्माण गर्दा राजनीतिक रूपमा कुशल सङ्गठकका साथै महिला, दलित, जनजाती, मधेस र दुर्गम तथा पिछडिएको क्षेत्रसमेतलाई प्राथमिकता दिइने व्यवस्था गर्नेछ ।

२८. अध्याय तीन र चारका उपयुक्त ठाउँमा विभिन्न कमिटीका पदाधिकारी तथा सदस्यहरुको निर्वाचन प्रक्रियाका सम्बन्धमा निम्न बमोजिमको व्यवस्था गर्ने :

(क) केन्द्रीय कमिटीको निर्वाचन प्रक्रिया निर्वाचन कमिटीबाट प्रस्तावित भई महाधिवेशनले निर्णय गरेबमोजिम हुनेछ ।

(ख) अन्य सबै कमिटीको निर्वाचन प्रक्रिया तोकिए बमोजिम हुनेछ । निर्वाचन प्रक्रियालाई विधिसम्मत र पारदर्शी बनाउन निर्वाचन नियमावली/निर्देशिका बनाउने व्यवस्था गरिनेछ ।

२९. धारा ५७ को विधान संशोधनसम्बन्धी प्रावधानलाई निम्नानुसार गरिएको छ -

(१) धारा ५७ को उपधारा १ र २ मा राष्ट्रिय महाधिवेशनको सट्टा राष्ट्रिय प्रतिनिधि परिषद् भन्ने ।

(२) साबिकको राष्ट्रिय महाधिवेशनबाट संविधान संशोधन गर्ने व्यवस्था परिवर्तन गरी राष्ट्रिय प्रतिनिधि परिषद्ले नै विधान संशोधन गर्ने व्यवस्था गरिएको छ ।

(३) विधान संशोधनसम्बन्धी कार्य राष्ट्रिय प्रतिनिधि परिषद्ले राष्ट्रिय महाधिवेशन हुनुभन्दा कम्तिमा एक वर्ष अगावै सम्पन्न

गरिसक्नुपर्ने व्यवस्था गरिएको छ ।

(४) विधान संशोधनको कार्यसूची राखी बोलाइएको राष्ट्रिय प्रतिनिधि परिषद्को सूचना कम्तिमा तीन महिना अगावै जारी गर्नुपर्नेछ । विधानमा संशोधन गर्न चाहने पार्टी कमिटीहरूले परिषद्को बैठक हुनुभन्दा एक महिना अगावै आफ्नो लिखित प्रस्ताव केन्द्रीय कमिटीमा पठाउनुपर्नेछ ।

३०. पार्टीको नाम र झण्डा लगायत संशोधन र परिमार्जन गरिएको भनी उल्लेख नगरिएका कुराहरु यथावत् राखिएका छन् । विधानमा संशोधन र परिमार्जन गरिएका विषयहरु विधानमा प्रयोग हुने भाषा पर्याप्त छफलफल पछि तय गर्ने गरी नीतिगत रुपमा उल्लेख गरिएका छन् ।

३१. शपथको ब्यहोरालाई यसरी परिमार्जित गरिएको छ -

म **(आफ्नो नाम) आफ्नो** स्वेच्छाले नेपालको गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) को सदस्य/ कमिटी/ निकायको जिम्मेवारीलाई हृदयको गहिराइदेखि स्वीकार गर्दै यस महत्वपूर्ण घडीमा सहिदको रगतद्वारा रञ्जित पार्टीको झण्डा सामु उभिएर प्रतिज्ञा गर्दछु :

म मार्क्सवाद-लेनिनवादलाई मार्गदर्शक सिद्धान्तका रूपमा आत्मसात गर्दै जनताको बहुदलीय जनवादप्रति पूर्ण प्रतिबद्ध रह"दै नेपाल, नेपाली जनता र क्रान्तिको हितमा निरन्तर समर्पित रहनेछु ।

म पार्टीको सिद्धान्त र कार्यक्रमलाई अग्रस्थानमा राख्दै पार्टी विधान र पद्धतिलाई निशर्त पालन गर्नेछु र पार्टी कार्यका लागि कठोर परिश्रम गर्नेछु ।

म पार्टीप्रति पूर्ण निष्ठावान रह"दै पार्टीको गोपनीयता र अनुशासन भङ्ग गर्नेछैन र पार्टीलाई कहिल्यै धोका दिने छैन ।

- नेपाली क्रान्ति - जिन्दावाद !
- जनताको बहुदलीय जनवाद - जिन्दावाद !



- मार्क्सवाद-लेनिनवाद - जिन्दावाद !
- आदरणीय अमर सहिदहरू - लालसलाम !
- नेकपा (एमाले) - जिन्दावाद ! जिन्दावाद !!

हार्दिक अभिवान सहित !

अमृतकुमार बोहरा
प्रमुख
संगठन विभाग
दस्तावेज मस्यौदा कमिटीको तर्फबाट

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) को

# आठौं राष्ट्रिय महाधिवेशन

ृफागुन ५-१०, २०६५ (February 16-21, 2009)

बुटबलमा प्रस्तुत गरिने

# विधान संशोधन प्रस्ताव

केन्द्रीय कमिटी
नेकपा (एमाले)



---


नाम : आठौं राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गरिने विधान संशोधन सम्बन्धी प्रस्ताव

प्रकाशन मिति : १५ माघ, २०६५

प्रकाशित संख्या : १०,००० प्रति

न्द्रीय कार्यालय, नेकपा (एमाले)

कम्प्युटर : आर. सी. बोहरा

मुद्रक : नवयुग सहकारी छापाखाना, मदननगर, बल्खु
फोन नं. ४२७५६९७